# नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यविधि, २०७५

(प्रदेश सरकार, मन्त्रीपरिषद, मिति २०७५/१०/०२ गतेको निर्णयबाट स्वीकृत)

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं.१, विराटनगर, नेपाल

सचिव

# नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यविधि, २०७५

(प्रदेश सरकारको मिति २०७५/१०/०२ को निर्णयबाट स्वीकृत)

पृष्टभूमिः

निर्वाहमुखी कृषिलाई ब्यवसायिक कृषिमा रुपान्तरण गर्न, युवाहरुलाई कृषि पेशामा आकर्षण गराउन तथा नमूना कृषि फार्म स्थापना मार्फत उन्नत कृषि प्रविधि प्रसार गर्न प्रदेश न. १ अन्तरगत स्थानीय तहहरुमा तुलनात्मक लाभ तथा विशिष्टिकृत अवसरलाई दृष्टिगत गर्दै उपलब्ध हावापानी र भौगोलिक अवस्था सुहाउँदो वाली वस्तुमा आधारित नमूना कृषि फार्म स्थापना गर्न वान्छनीय देखिएको छ । प्रदेश सरकारको वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय तहको सहयोग तथा समन्वयमा संचालन हुने नमूना कृषि फार्म स्थापना कार्यक्रमलाई व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन गर्न प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५ को दफा ३(१) को अधिकार प्रयोग गरि प्रदेश सरकारबाट नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यविधि, २०७५ तयार गरि लागू गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यविधिको नाम "नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत गरेको मितिबाट लागू हुनेछ ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(३) **"नमूना कृषि फार्म"** भन्नाले पहाडमा कम्तीमा ५ रोपनी तथा तराईमा १५ कट्ठा जमिन भएको, उन्नत प्रविधि अनुसरण गरेको, व्यवसायिक रुपमा कृषि जन्य वस्तुको उत्पादनको लागि स्थापना गरिएको फार्म भन्ने बुझ्नुपर्छ ।

(४) "आवेदक" भन्नाले नमूना कृषि फार्म स्थापनाको लागि अनुदान सहयोग लिन आवेदन दिएका नियमानुसार दर्ता भएका कृषि फर्म / उद्यमी, कृषि कम्पनी, कृपक समूह तथा कृषि सहकारी बुझिन्छ।

(५) "अनुदानग्राही" भन्नाले नमूना कृषि फार्म निर्माणको लागि अनुदान पाउनका लागि दफा ७ बमोजिम छनौट भएका आवेदकलाई जनाउँदछ।

(६) "मन्त्रालय" भन्नाले भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्दछ ।

(७) "निर्देशनालय" भन्नाले कृषि विकास निर्देशनालय भन्ने सम्झनु पर्दछ।

(८) "ज्ञान केन्द्र" भन्नाले कृषि विकास निर्देशनालय मातहत रहेका कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्दछ ।

३. कार्यक्रम संचालनको उद्धेश्य:

यस नमूना कृषि फार्म स्थापना तथा संचालन कार्यक्रमको उदेश्य देहाय बमोजिम हुनेछ ।

(१) निर्वाहमुखी कृषकहरुलाई व्यवसायिक कृषकमा रुपान्तरण गरी कृषि वस्तुको उत्पादन र उत्पादकत्व बृद्धि गर्ने ।

(२) कृषि क्षेत्रमा व्यवसायिकता र उद्यमशिलताको प्रवर्द्धन गर्ने ।

(३) शिक्षित वेरोजगार युवाहरुलाई कृषि पेशामा आर्कषित गराई स्थानीयस्तरमा रोजगारी सिर्जना गर्ने।

(४) स्थानीय तहहरुमा नमूना कृषि फार्मलाई उन्नत कृषि प्रविधि अवलोकन तथा प्रशिक्षण स्थलको रुपमा प्रयोग गरी किसान किसान प्रसार पद्धतिको प्रवर्द्धन गर्ने ।

## परिच्छेद २
## कार्यक्रम सञ्चालन विधि

४. कार्यक्रम सञ्चालन :

(१) यो कार्यक्रम निर्देशनालय र ज्ञान केन्द्र मार्फत सञ्चालन हुनेछ ।

(२) यस कार्यविधि प्रयोजनका लागि नमूना कृषि फार्मलाई देहाय अनुसार चार वर्गमा विभाजन गरिएको छ ।

(क) "क" वर्ग: स्थापना लागत कुल रु दश लाख सम्म भएका फार्म

(ख) "ख" वर्ग: स्थापना लागत कुल रु वीस लाख सम्म भएका फार्म

(ग) "ग" वर्ग: स्थापना लागत कुल रु तीस लाख सम्म भएका फार्म

(घ) "घ" वर्ग: स्थापना लागत कुल रु पचास लाख वा सो भन्दा बढी

(३) ज्ञान केन्द्र मार्फत "क" वर्गको नमूना कृषि फार्म संचालन कार्यक्रम कार्यान्वयन हुनेछन ।

(४) ज्ञान केन्द्रबाट संचालन हुने "क" वर्ग को नमूना कृषि फार्म स्थापना संख्या सम्बन्धमा यस कार्यविधिको दफा ८ उपदफा (१) बमोजिम हुन आउने वजेट रकमलाई दफा ७ उपदफा (१) बमोजिमको समितिले ज्ञान केन्द्रको बजेट सीमा तोक्नेछ र सो उपलब्ध वजेटलाई आधार मानी संख्या निर्धारण हुनेछ ।

५. प्रस्ताव माग गर्ने :

(१) नमूना कृषि फार्म स्थापनामा सहयोग पुर्‍याउन अनुदान उपलब्ध गराउने उद्धेश्यले निर्देशनालयले ३५ दिने म्याद राखी राष्ट्रिय पत्रिका मार्फत प्रस्ताव आह्वान सम्वन्धि अनुसूची १ बमोजिम सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आवेदकले अनुसूची २ बमोजिम निवेदनको साथमा देहाय बमोजिम



प्रमुख सचिव

कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) फर्म वा संस्था प्रचलित ऐन नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र स्थायी लेखा नम्बर/ मूल्य अभिवृद्धि कर दर्ता प्रमाण-पत्रको प्रतिलिपी एक/ एक प्रति, गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन तथा कर चुक्ताको प्रमाण पत्र ।

(ख) सम्बन्धित स्थानीय तह / वडाको प्रस्तावित नमूना कृषि फार्म संचालन गर्न उपयुक्त हुने व्यहोरा सहितको सिफारिश ।

(ग) स्थानीय तहवाट साझेदारीमा नमूना कृषि फार्म संचालन हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिश पत्र ।

(घ) आवेदकको कार्य समितिको बैठकले नमूना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि।

(ङ) निवेदकले आफूले संचालन गर्ने कृषि व्यवसायको अनुसूची ६ बमोजिमको नमूना कृषि फार्म स्थापना प्रस्ताव।

(च) आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गा धनी प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएर फार्म स्थापना गर्नेको हकमा अधिकार प्राप्त कानुन व्यवसायीले ल्याएको कम्तिमा १० वर्ष कार्य अवधि रहेको भाडामा लिएको खुल्ने सक्कल कागज ।

(छ) सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र।

(३) कुनै एक आवेदकले एक पटकमा अनुसुची ७ मा उल्लेख भएको एउटा क्षेत्रमा मात्र प्रस्ताव पेश गर्न पाउनेछ ।

(४) प्रस्तावकले प्रस्ताव गरेको कृयाकलाप सचालन गर्न अन्य निकायवाट अनुदान प्राप्त नगरेको हुनु पर्नेछ ।

६. प्रस्ताव संकलन :

(१) दफा ५ बमोजिम पेश भएका प्रस्तावहरु तोकिएको समय भित्र सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नु पर्नेछ ।

(२) निर्धारित समयभित्र पेश हुन आएका प्रस्तावहरु अनुसूची ४ बमोजिमको चेक लिस्ट रुजु गरी सम्बन्धित प्रस्तावकको सही छाप गरी कृषि ज्ञान केन्द्र/कृषि विकास निर्देशनालयले बुझ्नु पर्नेछ।

(३) यसरी प्राप्त प्रस्तावहरु मध्ये दफा ४ उपदफा (२) को खण्ड (क) अन्तर्गतका प्रस्तावहरु सम्बन्धित कृषि ज्ञान केन्द्रमा नै राख्नु पर्नेछ भने "ख" वर्ग, "ग" वर्ग र "घ" वर्ग बमोजिमका प्राप्त निवेदनहरु कृषि ज्ञान केन्द्रले १० दिन भित्र निर्देशनालयमा पठाउनु पर्नेछ ।



प्रमुख सचिव

सचिव

७. प्रस्तावको छनौट समिति तथा प्रक्रिया:

(१) "क" वर्ग बमोजिम प्रस्तावहरुको छनौट समिति कृषि ज्ञान केन्द्र स्तरीय देहाय अनुसारको हुने छ ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि ज्ञान केन्द्र | संयोजक |
| (ख) भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको अधिकृत प्रतिनिधि | सदस्य |
| (ग) जिल्ला स्थित कृषि तथा पशुपंक्षी विकास मन्त्रालय अन्तर्गतका कार्यक्रम/आयोजक/कार्यालय प्रमुख | सदस्य |
| (घ) लेखा प्रमुख, कृषि ज्ञान केन्द्र | सदस्य |
| (ङ) कृषि अर्थ विज्ञ, कृषि ज्ञान केन्द्र, | सदस्य सचिव |

(२) "क" वर्ग बमोजिम प्रस्तावहरु दफा ७ उपदफा (१) बमोजिमको छनौट समितिले अनुसुची ५ बमोजिमका आधारहरुमा पूर्व छनौट गर्नु पर्नेछ ।साथै पुर्व छनौटमा कम्तिमा ६० अङ्क प्राप्त प्रस्तावहरुलाई सफल प्रस्ताव मानिनेछ ।

(३) पुर्व छनौटमा सफल प्रस्तावहरुको अनुसूची ६ बमोजिमका आधारमा स्थलगत निरीक्षण गरी मुल्याङ्कन गर्नु पर्नेछ ।

(४) सफल प्रस्तावको पुर्वछनौट तथा स्थलगत निरीक्षण मूल्यांकन प्राप्ताङ्क जोडी अधिकतम अंक हासिल गरेका प्रस्तावहरुलाई छनौटको लागि ज्ञान केन्द्र प्रमुख समक्ष सिफारिश गर्नेछ ।

(५) समितिबाट सिफारिश भएका आवेदकहरुको छनौट सम्बन्धि निर्णय गर्ने अधिकार सम्बन्धित ज्ञान केन्द्र प्रमुखलाई हुनेछ ।

(६) "ख" वर्ग, "ग" वर्ग र "घ" वर्ग बमोजिम अन्तर्गतका प्रस्ताव छनौटको लागि देहाय अनुसारको कृषि विकास निर्देशनालय स्तरीय प्रस्ताव छनौट समिति हुनेछ ।

| | |
|---|---|
| (क) प्रमुख, कृषि विकास निर्देशनालय, विराटनगर | संयोजक |
| (ख) वरिष्ठ कृषि विकास अधिकृत, योजना, कार्यक्रम तथा अनुगमन महाशाखा, भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय | सदस्य |
| (ग) वरिष्ठ कृषि प्रसार अधिकृत, कृषि विकास निर्देशनालय | सदस्य |
| (घ) लेखा अधिकृत, कृषि विकास निर्देशनालय, | सदस्य |
| (ङ) सम्बन्धित विषयसँग सम्बद्ध कृषि विकास निर्देशनालयका २ जना अधिकृत | सदस्य |
| (च) वरिष्ठ कृषि अर्थ विज्ञ, कृषि विकास निर्देशनालय, | सदस्य सचिव |

सचिव

प्रमुख सचिव

(१) कृषि विकास निर्देशनालयमा प्रस्तावहरु प्राप्त भएको मितिले १० दिन भित्र दफा ७ उपदफा (६) बमोजिमको छनौट समितिले अनुसुची ५ बमोजिमका आधारहरुमा पुर्व छनौट गर्नु पर्नेछ । साथै पुर्व छनौटमा कम्तिमा ६० अङ्क प्राप्त प्रस्तावहरुलाई सफल प्रस्ताव मानिनेछ ।

(२) पुर्व छनौटमा सफल प्रस्तावहरुको अनुसूची ६ बमोजिमका आधारमा स्थलगत निरीक्षण गरी मुल्याङ्कन गर्नुपर्नेछ ।

(३) समितिले सफल प्रस्तावको पूर्व छनौट तथा स्थलगत निरीक्षण मूल्यांकन प्राप्ताङ्क जोडी अधिकतम अंक हासिल गरेका प्रस्तावहरुलाई छनौटको लागि कृषि विकास निर्देशनालय प्रमुख समक्ष सिफारिश गर्नेछ ।

(४) समितिबाट सिफारिश भएका आवेदकहरुको छनौट सम्बन्धी निर्णय गर्ने अधिकार निर्देशनालय प्रमुखलाई हुनेछ।

८. कार्यान्वयन तथा बजेट व्यवस्था :

(१) नमूना कृषि फार्म स्थापनाका लागि कृषि नमूना फार्मको वर्गीकरण, अनुदान रकम तथा कार्यान्वयको व्यवस्था देहाय अनुसार हुनेछ ।

| वर्ग | फार्म स्थापनाको कूल लागत | अनुदान रकम रु | कार्यक्रम सञ्चालन गर्ने निकाय | बजेट विनियोजन |
|---|---|---|---|---|
| क. | रु.१० लाख सम्म | प्रस्तावित लागतको बढिमा ५० % सम्म | कृषि ज्ञानकेन्द्र | • वर्ग अनुसार स्वीकृत बजेट परिधि यस प्रकार रहने छ ।<br>▪ क वर्ग – ४०%<br>▪ ख वर्ग – २०%<br>▪ ग वर्ग – २०%<br>▪ घ वर्ग – २०% |
| ख. | रु.२० लाख सम्म | | कृषि विकास निर्देशनालय | |
| ग. | रु. ३० लाख सम्म | | कृषि विकास निर्देशनालय | |
| घ. | रु.५० लाख सम्म वा सो भन्दा बढी | बढीमा ५० लाख वा प्रस्तावित रकमको ५०% रकम जुन कम हुन आउँछ । | | |

सचिव

प्रमुख सचिव

## परिच्छेद ३

## साझेदारी र अनुदान प्रवाह

**९. लागत इष्टिमेट र सम्झौता :**

(१) प्रस्ताव छनौट पश्चात अनुदाग्राहीले प्रस्ताव बमोजिम नमूना कृषि फार्म स्थापनाको लागि सम्बन्धित विषयको प्राविधिक मार्फत स्थलगत सर्भेक्षण गराएर लागत इष्टिमेट तयार गरी स्वीकृतिको लागि ज्ञान केन्द्र/ निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

(२) स्वीकृत इष्टिमेटको आधारमा निर्देशनालय/ ज्ञान केन्द्र र अनुदानग्राही वीच अनुसूची ९ बमोजिमको सम्झौता गरिनेछ। एक वर्षमा सम्पन्न नहुने प्रकृतिका नमूना फार्महरुको हकमा सम्झौतामा अनिवार्य रुपमा प्रथम वर्ष र दोश्रो वर्षमा उपलब्ध गराईने अनुदान रकम उल्लेख गर्नु पर्नेछ ।

(३) अनुदानग्राहीले नमूना कृषि फार्म स्थापना तथा संचालनको कार्य प्रारम्भ र सम्पन्न गर्दा १/१ पटक स्थानीय जनप्रतिनिधिको सहभागितामा सार्वजनिक सुनवाई गर्नुपर्छ ।साथै लागत सहभागिता रकम खुलेको होर्डङ्ग वोर्ड फार्म संचालन अविधिभर सर्वसाधरणले देख्ने गरी कार्यक्रम स्थलमा राख्नु पर्नेछ।

(४) लागत इष्टिमेट तयार गर्दा कुल अनुदान रकमको ५% रकम कन्टीन्जेन्सी स्वरुप राखिनेछ । उक्त रकम प्राविधिकको दैनिक भ्रमण भत्ता र समितिको बैठक भत्ता र अन्य व्यवस्थापकीय कार्यमा प्रयोग गर्न सकिनेछ ।

**१०. अनुदान रकम र भुक्तानी प्रक्रिया :**

(१) नमूना कृषि फार्म स्थापनाको लागि दफा ८ को तालिका अनुसार निर्देशनालयले गरेको निर्णय बमोजिम अनुदान रकम तोकिनेछ । अनुदान ग्राहीले अनुदान बाहेकको खर्च आफैं जुटाई कार्यक्रम सञ्चालन गर्नु पर्दछ।

(२) कार्यक्रम शुरु गर्नको लागि अनुदानग्राहीले आफ्नो तर्फबाट गर्ने कार्य सम्पन्न पश्चात पेश्की रकम आवश्यक भएमा निर्देशनालय वा ज्ञान केन्द्रले कुल लागत रकमको बढिमा २० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ ।

(३) सम्बन्धित विषयको प्राविधिक प्रतिवेदन सहित कार्य सम्पन्नताको आधारमा अनुदान रकम सम्बन्धित अनुदानग्राहीको बैंक खाता मार्फत बढीमा ३ किस्तामा उपलब्ध गराईनेछ।

(४) कार्यक्रम सम्पन्न भई सकेपछि सो को सञ्चालन एवं व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मेवारी सम्बन्धित अनुदानग्राहीको हुनेछ।

(५) अनुदानग्राहीले कम्तिमा १० वर्षसम्म अविछिन्न रुपमा प्रस्ताव एवं सम्झौता बमोजिमको व्यवसाय सञ्चालन गर्नु पर्नेछ ।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.-१, विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

(६) अनुदानग्राहीले आफ्नो कृषि व्यवसायको अनिवार्य रुपमा कृषि वीमा गराउनु पर्नेछ ।

## परिच्छेद ४
## अनुगमन तथा विविध

११. अनुगमन तथा मूल्याङ्कनः

(१) निर्देशनालय वा ज्ञान केन्द्रले सम्बन्धित स्थानीय निकाय र मन्त्रालयको सहयोग तथा समन्वयमा

(२) यस कार्यविधि अनुसार संचालित कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्नेछ।

(३) अनुगमन निरीक्षणको प्रतिवेदन ज्ञान केन्द्रको अनुगमन हेर्ने अधिकृतले हरेक चौमासिकमा एक पटक सम्बन्धित निर्देशनालयमा र निर्देशनालयले मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(४) मन्त्रालय र निर्देशनालयले यस कार्यक्रमको अनुगमन निरीक्षण गरी आवश्यक निर्देशन दिन सक्नेछ ।

(५) उपदफा (४) बमोजिमको निर्देशन पालना गर्नु अनुदानग्राहीको कर्तव्य हुनेछ ।

(६) सम्झौता अनुरुप काम नगर्ने अनुदानग्राहीको अनुदान रोक्का गर्न सकिनेछ । यस कार्यविधि अनुरुप अनुदानको दुरुपयोग गरेमा वा रकमको हिसाब नबुझाउने अनुदानग्राहीलाई प्रचलित कानुन बमोजिम कार्वाही गरी असुल उपर गरिनेछ ।

१२. आर्थिक प्रशासन सेवा

(१) कार्यक्रमको लेखा, लेखाङ्कन र लेखा परिक्षण प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४, प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७५, सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि, मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ र संघिय सरकारका प्रचलित कानून बमोजिम हुनेछ ।

१३. प्रचलित कानून लागु हुने

(१) कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकाको हकमा यसै बमोजिम तथा कार्यविधिमा उल्लेख नभएका कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

१४. बाधा अड्काउ फुकाउने (खारेजी एबं संशोधन)

(१) कार्यविधि कार्यान्वयनका सन्दर्भमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले आवश्यक निर्णय गर्न सक्नेछ ।

(२) कार्यविधि कार्यान्वयनमा बाधा अड्चन आइपरेमा वा विवाद उत्पन्न भएमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयको निर्णय अन्तिम हुनेछ ।

(३) कार्यविधिलाई आवश्यकता अनुसार प्रदेश सरकारले खारेजी वा संशोधन गर्न सक्नेछ ।

प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.-१, विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची १

## नमूना कृषि फार्मको स्थापना तथा सञ्चालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना

### प्रथम पटक प्रकाशित मिति : २०७....../....

यस निर्देशनालय तथा अन्तर्गतका निकायद्वारा आ.व. २०७....../...... मा सञ्चालन गरिने नमूना कृषि फार्म स्थापना तथा संचालनका लागि प्रस्तावित लागतको बढीमा ५० प्रतिशत सम्म अनुदान रकम उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा देहाय बमोजिमको नमूना कृषि फार्मको किसिम अनुसार नमूना कृषि फार्म सञ्चालन गर्न ईच्छुक प्रदेश नं. १ का कृषि उद्यमी, फार्म, कम्पनी, समुह तथा सहकारीले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र तोकिएको ढाँचामा परियोजना प्रस्ताव सहित देहाय अनुसारको कागजातहरु र निवेदन सम्बन्धित कृषि ज्ञान केन्द्रमा पेश गर्नका लागि सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | नमूना कृषि फार्मको वर्ग | फार्म स्थापनाको कुल लागत | अनुदान रकम रु. | आवश्यक कागजातहरु | कैफियत |
|---|---|---|---|---|---|
| १ | क | रु.१० लाख सम्म | प्रस्तावित लागतको वढिमा ५० %सम्म | • कृषि फार्म वा कम्पनीको हकमा संस्थाको दर्ता प्रमाण-पत्र, PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु।<br>• कृपक समुह र कृषि सहकारी संस्थाको हकमा को हकमा PAN दर्ता प्रमाण-पत्र, प्यान दर्ता प्रमाण,अघिल्लो आ.ब.को वार्षिक लेखा परिक्षण प्रतिवेदन र संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपि<br>• सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा लागत साझेदारी हुने भए सो व्यहोराको पत्र<br>• सम्वन्धित स्थानीय तह वा वडाको फार्म स्थापना गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिश पत्र<br>• यस अघि प्रस्तावित कामको लागि अन्य सरकारी तथा गैर सरकारी निकायवाट अनुदान रकम नलिएको स्व घोषणा पत्र । | • वर्ग अनुसार स्वीकृत बजेट परिधि यस प्रकार रहेको छ ।<br>• क वर्ग – ४०%<br>• ख वर्ग – २०%<br>• ग वर्ग – २०%<br>• घ वर्ग – २०% |
| २ | ख | रु.१० लाख भन्दा बढी २० लाख सम्म | | | |
| ३ | ग | रु. २० लाख भन्दा बढी ३० लाख सम्म | | | |
| ४ | घ | रु.३० लाख भन्दा वढी | बढीमा ५० लाख वा प्रस्तावित रकमको ५०% रकम जुन कम हुन आउँछ सो रकम | | |

पुनश्चः निवेदन र परियोजना प्रस्ताव यस निर्देशिकामा उल्लेख भए बमोजिम निर्दिष्ट ढांचामा पेश गर्नुपर्नेछ । निवेदन र परियोजना प्रस्तावको ढांचा निर्देशनालय र सम्वन्धित कृषि ज्ञान केन्द्रबाट पनि माग गर्न सकिनेछ ।



सचिव

प्रमुख सचिव

रु. १० को
टिकट

अनुसूची २

नमूना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्ने निवेदन

मिति : ............................

श्रीमान् प्रमुख ज्यू
............................निर्देशनालय
कृषि ज्ञान केन्द्र ....................

विषय :नमूना कृषि फार्म लनका लागि अनुदान सम्बन्धमा ।सञ्चा

प्रस्तुत विषयमा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, कृषि विकास निर्देशनालय बिराटनगरवाट सुचना भए अनुसार नमूना कृषि फार्म स्थापना कार्यक्रम संचालनका लागि यसै साथ संलग्न प्रस्तावमा उल्लेख भए अनुसार ..........................नमूना कृषि फार्म स्थापना तथा संचालनका लागि जम्मा लागत रु..............अक्षरेपी.................मध्ये ........................नगरपालिका/गाँउपालिकाको तर्फवाट रु.....................सहयोग सहभागिता हुने तथा स्वलगानी रु................................ हुने गरी रु...................... अनुदान सहयोगका लगि तपशिल अनुसारका कागजातहरु यसै निबेदन साथ पेश गरेको व्यहोरा अनुरोध गर्दछु ।

संलग्न कागजातहरु:

१. दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर तथा लेखा परिक्षण प्रतिवेदन, जग्गा धनीपूर्जाको प्रतिलिपी प्रतिलिपि ।
२. निर्दिष्ट फर्मेट अनुसार प्रस्ताव ।
३. संस्था सञ्चालक समितिको बैठक निर्णयको प्रतिलिपी ।
४. प्रस्ताव गरिएको काम गर्ने यस अघि कुनै पनि सरकारी वा गैर सरकारी संस्थावाट अनुदान नलिएको स्वघोषणा पत्र।
५. सम्बन्धित स्थानीय तह वा वडाको कार्यक्रम सञ्चालनमा लागत साझेदारी हुने भए सो व्यहोराको पत्र
६. सम्बन्धित स्थानीय तह वा वडाको फार्म स्थापना गर्न उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिश पत्र
७. सम्बन्धित ज्ञान केन्द्रको सिफारिश पत्र ।
८. जग्गा भाडामा लिएर फार्म संचालन गर्नेको हकमा अधिकार प्राप्त व्यक्तिको रोहवरमा भएको दश वर्षे जग्गा भाडा संझौता ।
९. अन्य सहयोगी दस्तावेजहरु भए समावेश गर्ने

निवेदकको हस्ताक्षर
नाम
ठेगाना मोवाईल नं
छाप



प्रमुख सचिव
सचिव

अनुसुची ३

## प्रस्ताव तयार गर्दा ध्यान दिनुपर्ने कुराहरु

| क.स. | विचार गर्नुपर्ने बुदाहरु | कैफियत |
|---|---|---|
| १ | अनुसूची २ मा उल्लेखित कागजात संलग्न भए/नभएको | |
| २ | प्रस्तावमा अनुसुची ५ मा उल्लेख भएका वाली वस्तु तथा विषय क्षेत्रसँग सम्बन्धित भए/नभएको । | |
| ३ | प्रस्तावमा उल्लेख भएका वाली वस्तु तथा विषय क्षेत्रसँग प्रस्तावकको ज्ञान; सीप अनुभव सम्वन्धी बिषय समावेश भए/नभएको । | यदि भएमा प्रस्तावमा तालिम प्रमाणपत्र संलग्न गर्ने तथा अनुभव उल्लेख गर्ने |
| ४ | प्रस्तावमा आवेदकको आर्थिक क्षमता स्पष्ट हुने आधार खुले नखुलेको, सो सम्बन्धि कागजात संलग्न भए नभएको । | |
| ५ | कृषि विषयमा औपचारिक अध्ययन भए नभएको उल्लेख गर्ने तथा प्रमाण संलग्न गर्ने | |
| ६ | प्रस्तावित फार्मको दिगोपना तथा त्यसका आधार सहकारीको हकमा लाभ लागत बाँडफाड योजना समावेश भए/नभएको तथा त्यसका आधार | |
| ७ | प्रस्तावमा उत्पादन तथा बजारीकरण योजना समावेश भए नभएको | |
| ८ | नमूना फार्म कुन वाली वस्तुमा नमूना रहनेछ, कतिवटा उन्नत प्रविधि अवलम्बन गर्नेछ साथै किसान किसान कृषि प्रविधि प्रसारमा कसरी सहयोगी बन्ने छ उल्लेख गर्ने । | |

सचिव

प्रमुख सचिव

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश सरकार प्रदेश नं.-१ विराटनगर, नेपाल

अनुसुची ४

## प्रस्ताव दर्ता चेकलिस्ट

## (प्रस्ताव दर्ता गर्नु पुर्व भर्नुपर्ने फारम)

| क स | संलग्न विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| क | संस्थागत तथा आधारभूत विवरणसँग सम्बन्धित कागजात | | | |
| १ | फर्म वा संस्था प्रचलित ऐन नियम बमोजिम सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र र एक/एकप्रति | | | |
| २ | स्थायी लेखा नम्बर/ मुल्य अभिवृद्धि करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी | | | |
| ३ | गत आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदन | | | |
| ४ | कर चुक्ताको प्रमाणपत्र | | | |
| ५ | आवेदकको कार्य समितिको बैठकले नमूना कृषि फार्म स्थापनाको लागि सहयोग माग गर्नको लागि गरेको निर्णयको प्रतिलिपि। | | | |
| ६ | आवेदक वा निजको परिवारको स्वामित्वमा पर्याप्त जग्गा रहेको जग्गाधनी प्रमाण पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिएर फार्म स्थापना गर्नेको हकमा अधिकार प्राप्त कानुन व्यवसायीको रोहवरमा कम्तिमा १० वर्ष कार्य अवधि रहेको भाडामा लिएको खुल्ने सक्कल कागज | | | |
| ७ | सम्बन्धित कृषि ज्ञान केन्द्रको सिफारिश पत्र। | | | |
| ख | स्थानीय तहसँग सम्बन्धित कागजात | | | |
| ६ | सम्बन्धित स्थानीय तह/ वडाको प्रस्तावित नमूना कृषि फार्म संचालन गर्न उपयुक्त हुने व्यहोरा सहितको सिफारिश । | | | |
| ७ | स्थानीय तहवाट साझेदारीमा नमूना कृषि फार्म संचालन हुने भए लागत साझेदारी रकम उल्लेख गरिएको सिफारिश पत्र | | | |
| ग | प्रस्ताव सम्बन्धी कागजात | | | |
| ८ | आवेदकले आफूले संचालन गर्ने कृषि व्यवसायको अनुसूची ६ बमोजिमको नमूना कृषि फार्म स्थापना प्रस्ताव। | | | |
| ९ | नमूना कृषि फार्म स्थापना प्रस्ताव अनुसूची ७ मा रहेका बाली तथा विषय क्षेत्रसँग सम्बन्धित भए नभएको | | | |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

| | | | | |
|---|---|---|---|---|
| १० | नमूना फार्म स्थापना हुने बाली/ विषयसँग सम्वन्धित तालिम प्रमाणपत्र | | | |
| ११ | लागत सहभागिता जुटाउने आधारको प्रमाण | | | |
| १२ | प्रस्तावकको कृषि विषयमा औपचारिक अध्ययनको कागजात | | | |

प्रस्ताव बुझाउनेको नाम

हस्ताक्षर

प्रस्ताव बुझिलिनेको नाम

हस्ताक्षर

सचिव

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय
प्रदेश नं. १
विराटनगर, नेपाल

प्रमुख सचिव

अनुसुची ५

## प्रस्ताव पुर्व छनौटका आधारहरु

| क्र. सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | आवेदकले प्राप्त गरेको अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | आवेदकको प्राविधिक ज्ञान सीप, अनुभव | सम्बन्धित विषयको तालिम प्राप्त गरेको | तालिम तथा प्रस्तावसँग सम्बन्धित विषयमा न्यूनतम २ वर्षको अनुभव | तालिम तथा प्रस्तावसँग सम्बन्धित विषयमा २ वर्षभन्दा अनुभव | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| २ | लागत सहभागिताका लागि प्रस्तावकको आर्थिक क्षमता | प्रस्तावकको न्यूनतम साझेदारी रकम जुटाउने श्रोत नखुलेमा | प्रस्तावकको न्यूनतम साझेदारी रकम जुटाउन बैंक ग्यारेन्टी जारी भएमा | प्रस्तवकको न्यूनतम साझेदारी रकम जुटाउन बैंक नगद मौज्दात भएमा | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| ३ | प्रस्तावकको कृषि विषयमा औपचारिक अध्ययन | प्रस्ताव गरेको विषयमा छोटो तालिम लिएको | कृषि विषयमा जेटी/जेटीए तथा प्रवीणता प्रमाणपत्र तह अध्ययन | कृषि विषयमा उच्च शिक्षा अध्ययन | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| ४ | प्रस्ताव गरेको कृषि व्यवसायको भविस्यमा निरन्तरता सम्बन्धी योजना तथा दिगोपना | भविस्यमा निरन्तरता सम्बन्धी योजना तथा दिगोपना पेश नगरेको भए | मध्ययम स्तरको भएमा | उत्तम स्तरको भएमा | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| ५ | एक स्थानीय तहबाट प्राप्त प्रस्ताव संख्या | एक स्थानीय तहबाट ४ भन्दा बढी प्रस्ताव आएमा | एक स्थानीय तहबाट २-३ प्रस्ताव भएमा | एक स्थानीय तहबाट १ प्रस्ताव भएमा | | |
| | अङ्क भार | ४ | ७ १३ | १० | | |

| क्र. सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | आवेदकले प्राप्त गरेको अंक | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | उत्पादन र बजारिकरण योजना लाभ लागत बाँडफाँड योजना | सन्तोषजनक | मध्ययम | उत्तम | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| ७ | प्रस्तावित नमूना कृषि फार्मले समुदायका अन्य कृषकहरुमा पार्न सक्ने प्रर्दशन प्रभाव र अनुभव आदान प्रदान योजना | आधुनिक प्रविधिको प्रयोग नभएको/आदान प्रदान योजना तथा संभाव्यता नभएको | आधुनिक प्रविधिको १-२ प्रयोग हुने आदान प्रदान योजना तथा संभाव्यता भएको | आधुनिक प्रविधिको ३ वा सो भन्दा प्रयोग हुने आदान प्रदान योजना तथा संभाव्यता भएको | | |
| | अङ्क भार | ८ | १४ | २० | | |
| ८ | पिछडिएको वर्ग वा जाति/द्वन्द पिडित/महिला | पिछडिएको वर्ग वा जाति/द्वन्द पिडित/महिलाको सहभागिता २०% भएमा | पिछडिएको वर्ग वा जाति/द्वन्द पिडित/महिलाको सहभागिता २१-५० % भएमा | पिछडिएको वर्ग वा जाति/द्वन्द पिडित/महिलाको सहभागिता ५१% भन्दा बढी भएमा | | निजी फार्मको हकमा संचालकलाई मानिनेछ । |
| | अङ्क भार | ४ | ७ | १० | | |
| ९ | लागत सहभागिता तथा साझेदारी | व्यक्तिगत तथा बैंकिङ्ग साझेदारी | समूह तथा सहकारीसँग | स्थानीय तहसँग साझेदारी | | |
| | अङ्क भार | ४ | ७ | १० | | |
| | जम्मा | ४० | ७० | १०० | | |

* समितिले यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि Sub Criteria बनाउन तथा सो अनुसार अङ्कभार प्रदान गर्न सक्नेछ ।

* पुर्व छनौटका आधारहरुमा ६० अंक प्राप्त गर्ने प्रस्तावहरुलाई मात्र स्थलगत प्रमाणीकरण चरणमा समावेश गरिनेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. १ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसुची ६

## स्थलगत प्रमाणिकरणका आधारहरु

| क्र. सं. | मूल्याङ्कनका आधार | मूल्याङ्कन | | | आवेदकले प्राप्त गरेको अंक | मुल्याङ्कनका सूक्ष्म आधार | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | प्रस्तावकको हाल गरिरहेको कृषिको अवस्था | सन्तोषजनक | राम्रो | उत्तम तथा प्रस्तावसँग सम्बन्धित | | | |
| | अङ्क भार | ४ | ७ | १० | | | |
| २ | नमूना फार्म को अवस्था | १६ | २८ | ४० | | | |
| २.१ | प्रस्तावित वालीको लागि माटो उपयुक्तता | सन्तोषजनक | राम्रो | उत्तम | | माटोको प्रकार तथा बालीको संभावना | |
| | | ४ | ७ | १० | | | |
| २.२ | प्रस्तावित वालीको लागि हावापानी | सन्तोषजनक | राम्रो | उत्तम | | तापक्रम, भौगोलिक अवस्थिति, सिचाईको संभावना, उचाई | |
| | अङ्क भार | ४ | ७ | १० | | | |
| २.३ | बजारीकरणको संभावना | सन्तोषजनक | राम्रो | उत्तम | | बाटो, बाटो देखिको दुरी, तथा बजारको अवस्थिति | |
| | अङ्क भार | ४ | ७ | १० | | | |
| २.४ | नमूना फार्मको प्रदर्शन प्रभाव पर्न सक्ने संभावना | सन्तोषजनक | राम्रो | उत्तम | | बाटो देखिको दुरी, क्षेत्रमा उक्त प्रविधि ग्रहण गर्न सकिने संभावना, नमूना फार्म संचालकको प्रस्तुति सीप | |
| | अङ्क भार | ४ | ७ | १० | | | |
| | **जम्मा** | २० | ३५ | ५० | | | |

* स्थलगत प्रमाणिकरणका लागि ज्ञान केन्द्र तथा कृषि विकास निर्देशनालयले प्राविधिक कर्मचारी खटाउनेछ ।
* वर्ग ख, ग तथा घ का प्रस्तावहरुको स्थलगत प्रमाणिकरण कम्तिमा २ प्राविधिक कर्मचारीले गर्ने छन ।
* तोकेको समितिले यसमा प्रस्तुत आधारहरुलाई मुल्याङ्कन प्रयोजनका लागि उल्लेखित सूक्ष्म आधारका अतिरिक्त सो सँग सम्बन्धित अन्य आधार बनाउन सक्नेछ ।
* अङ्कभार प्रदान गर्दा सो का आधार स्पष्टरुपमा कैफियतमा उल्लेख गर्नु पर्नेछ साथै मुल्याङ्कन फारम प्रमाणित गर्नु पर्नेछ ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

अनुसूची ७

नमूना फार्म सञ्चालन गर्न सकिने विषय, क्षेत्र र न्यूनतम मापदण्ड

(१) तरकारी उत्पादनः

- बेमौसमी तरकारी उत्पादन पूर्वाधार निर्माण – हाईटेक नर्सरी, ग्रीन हाउस वा नेट हाउस,थोपा सिँचाई सहितको प्लाष्टिक घरभित्र व्यवसायिक तरकारी उत्पादन
- दुई वा दुई भन्दा बढी उन्नत प्रविधि अपनाई गरिएको लागत पुष्टयाई हुने व्यवसायिक तरकारी उत्पादन ।
- खुल्ला ठाँउमा बेमौसमी तरकारी उत्पादन ।
- मुल्य श्रृंखलामा आधारित मुल्य अभिवृद्धि हुने व्यवसायिक तरकारी उत्पादन ।
- समुदायमा आधारित व्यवसायिक बेर्ना उत्पादन ।

(२) फलफुल उत्पादनः

- प्राथमिकतामा आधारित बालीमा २ वा सो भन्दा बढी उन्नत प्रविधि अपनाई पहाडमा कम्तीमा १० रोपनी र तराईमा २० कठ्ठा वा सो भन्दा बढी जमिनमा विशेष प्रजातीको वा मिश्रित फलफुल योजना ।
  - प्राथमिकता प्राप्त बाली -
    - तराई- आँप, केरा ,लिचि, मेवा, स्ट्रवेरी, कागती र भूई कटहर
    - पहाड- कागती, सुन्तला,लिचि, किवी, स्याउ र स्ट्रेवरी
- उच्च घनत्व फलफूल खेती
- बाली उत्पादन, प्रसोधन,बजारिकरण योजना सहितको लागत अनुमान समावेश भएको प्रस्ताव

(३) व्यवसायिक बाली

- कम्तीमा २० रोपनी जमिनमा अलैची, चिया, अदुवा,सुपारी उत्पादन र प्रशोधन तथा बजार मुल्य श्रृखलाका पात्रहरु समावेश गरी तयार गरेको प्रस्ताव

(४) च्याउ उत्पादनः

- कम्तीमा वार्षिक ५० के.जि. कन्ये वा गोब्रे च्याउ बिउ र कम्तिमा १०० मुडामा सिताके च्याउ विउको प्रयोग गरी सिफारिश प्रविधि अनुसार च्याउ उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(५) मौरीपालनः

- कम्तीमा ५० वटा आधुनिक मौरीघारको प्रयोग गरि सिफारिश प्रविधि अनुसार मौरीपालन गरी मह उत्पादन र बजार मुल्य श्रृखलाको आधार एवं दिगों व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

सचिव प्रमुख सचिव

(६) अन्य वाली तथा बस्तुहरु

- तरकारी वालीको वीउ उत्पादन, पुष्प उत्पादन, मरीचमा आधारित व्यवसायिक रुपमा कम्तीमा पहाडमा ५ रोपनी र तराईमा २० कट्ठा भन्दा वढी जमिनमा लगाउन दिगो व्यवस्थापन सहितको लागत अनुमान तथा आम्दानी खुलेको परियोजना ।

(७) एकिकृत फार्म/ व्यवसाय

- कम्तीमा वार्षिक सञ्चालन खर्च रु. १० लाख लागत अनुमान भएको माथि क देखि च सम्म उल्लेखित कुनै २ वा ३ वटा बस्तुको एकिकृत उत्पादन र वजार मुल्य श्रृंखलाको आधार एवं दिगो व्यवस्थापन सहितको परियोजना ।

सचिव प्रमुख सचिव

प्रदेश सरकार
तथा मन्त्रिपरिषद्
प्रदेश नं.-१
विराटनगर, नेपाल

अनुसूची ८

## नमूना कृषि फार्म स्थापनाको लागि आवेदकले पेश गर्नुपर्ने प्रस्तावको नमूना

मोडल फार्म परियोजना प्रस्ताव

१) आवेदक र सम्पर्क व्यक्ति सम्बन्धि विवरण:

| | |
|---|---|
| आवेदक नाम | |
| पूर्ण ठेगाना | |
| संस्था संस्था दर्ता भएको मिति | |
| स्थायी लेखा नम्बर | |
| संस्थाको मुख्य उद्देश्य | |
| प्रोपाईटरको वा अध्यक्षको नाम | |
| मोवाईल नं. र ई मेल | |
| नमूना फार्म स्थल (कार्य क्षेत्र) | |
| प्रस्तावित परियोजनाको नाम | |
| प्रस्तावित आयोजनाको कूल खर्च(यसमा अनुदान र अनुदानग्राहीको तर्फबाट व्याहोर्ने खर्च समेत समावेश गर्ने) | |
| स्थानीय तहवाट प्राप्त हुने सहयोग रकम (रु) | |
| माग गरेको कूल अनुदान रकम (रु) | |
| अन्य श्रोत वा वित्तिय सहकार्यमा कुनै काम भइरहेको भए, कुन संस्थाबाट के के उद्देश्यका लागि वित्तीय सहयोग पाउनु भएको छ, खुलाउनुहोस । | |
| प्रस्तावना पेश गर्ने कार्यालयको नाम | |

२) प्रस्तावनाको औचित्य तथा महत्व: हाल कसरी खेती वा ब्यवसाय संचालन गर्दै हुनुहुन्छ आफ्नो कार्य अनुभव सहित उल्लेख गर्दै प्रस्तावित नमूना फार्म किन र कसरी स्थापना गर्न लाग्नु भएको छ ? आफ्नो वित्तिय अवस्था समेत झल्कने गरी करीव ३०० शब्दमा नवढाई लेखुहोस

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

..........................................को हालको व्यवसायको अवस्था

| क्र. सं. | हालको व्यवसाय वा खेतीपाती | व्यवसाय वा वा खेतीपाती गरेको क्षेत्रफल | अनुमानित वार्षिक उत्पादन (के.जी. मे. टन) | अनुमानित वार्षिक आम्दानी (रु.) | रोजगारी सिर्जना |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| जम्मा | | | | | |

३। नमूना कृषि फार्मका मूख्य मूख्य क्रियाकलापहरु

| क्र. सं. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | | | सम्पन्न गर्ने मिति |
|---|---|---|---|---|---|---|
| | | | विद्यमान | थप गर्ने | जम्मा | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| आवश्यकता अनुसार महलहरु थप गर्न सकिनेछ | | | | | | |

४। नमूना कृषि फार्म स्थापना र संचालन पश्चात अपेक्षित उपलब्धिहरु र वार्षिक उत्पादन विवरण

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल
सचिव
प्रमुख सचिव

प्रस्तावित व्यवसायका अपेक्षित उपलब्धिहरु तपशिल बमोजिमका हुनेछन्

| विवरण/ वर्ष | वर्ष १ | वर्ष २ | वर्ष ३ | वर्ष ४ | वर्ष ५ | वर्ष ६ | वर्ष ७ | वर्ष ८ | वर्ष ९ | वर्ष १० |
|---|---|---|---|---|---|---|---|---|---|---|
| व्यवसायको आकार: | | | | | | | | | | |
| वार्षिक उत्पादन: | | | | | | | | | | |
| वार्षिक खर्च | | | | | | | | | | |
| वार्षिक जम्मा आम्दानी: | | | | | | | | | | |
| रोजगारी सिर्जना | | | | | | | | | | |

५) खर्च विवरण

क) स्थिर खर्च विवरण:

कृषि यन्त्र उपकरणहरु, जग्गा विकास,भवन, तारवार, सिचाई व्यवस्थापन आदि जस्ता संरचना निर्माण,वाली उत्पादन पूर्व सञ्चालन खर्च आदि ।

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | दर रु. | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | कुल जम्मा | | | | |
| आवश्यकता अनुसार महलहरु थप गर्न सकिनेछ। | | | | | |

प्रदेश सरकार
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
प्रदेश नं.-१
विराटनगर, नेपाल

सचिव

प्रमुख सचिव

ख) चालु खर्चको विवरण:

कामदार, मल विउ, वेर्ना, व्यवस्थापन, रोग र किरा व्यवस्थापन आदि ।

| क.स. | क्रियाकलाप विवरण | ईकाई | परिमाण | दर रु. | जम्मा खर्च रु. |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |
| आवश्यकता अनुसार महलहरु थप गर्न सकिनेछ। | | | | | |

६.लागत साझेदारी:

तालिका: लागत साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरु र माग गरिएको अनुदान रकमको विवरण

| क्र. स. | विवरण | जम्मा खर्च रु. | पहिलो वर्षको खर्च रु. | दोश्रो वर्षको रु | प्रदेश सरकारसँगमा ग गरेको अनुदान रु. | अनुदानग्राही ले बेहोर्ने रकम रु. | स्थानीय तहको सहयोग वा वित्तिय संस्थाहरुवाट उपलब्ध हुने सहुलियत कर्जा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |
| | कुल जम्मा | | | | | | |

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं.-१ विराटनगर, नेपाल

सचिव प्रमुख स

| क्र. स. | विवरण | जम्मा खर्च रु. | पहिलो वर्षको खर्च रु. | दोश्रो वर्षको रु | प्रदेश सरकारसँगमा ग गरेको अनुदान रु. | अनुदानग्राही ले बेहोर्ने रकम रु. | स्थानीय तहको सहयोग वा वित्तिय संस्थाहरुवाट उपलब्ध हुने सहुलियत कर्जा |
|---|---|---|---|---|---|---|---|
| | आवश्यकता अनुसार महलहरु थप गर्न सकिनेछ। | | | | | | |

७. स्थापना हुने नमुना फार्मका सदस्यहरुवीच कामकाज तथा लाभ लागत बाँडफाँड तथा फार्म संचालन योजना तथा विधिवारे २०० शब्दमा नवढाई उल्लेख गर्नुहोस ।

८. उत्पादित कृषि वस्तुको प्रसोधन तथा बजारिकरण योजना तथा उक्त वालि वस्तुको मूल्य श्रृंखलामा अग्रगामी तथा पश्चगामी सम्बन्ध वारे बढीमा १५० शब्दमा उल्लेख गर्नुहोस ।

९. प्रस्तावित नमूना कृषि फार्म स्थापना पश्चात भविस्यमा निरन्तर रुपमा संचालन गर्ने योजना तथा फार्मको दिगोपना वारे बढीमा १५० शब्दमा उल्लेख गर्नुहोस ।

१०. प्रस्तावित नमूना कृषि फार्म स्थापनाले आसपासमा रहेका कृषकहरुमा पार्ने प्रर्दशन प्रभाव (Demonstration effect) तथा समुदायमा प्रविधि प्रचार प्रसार योजना वारे उल्लेख गर्नुहोस ।

नोटः माथि १ देखि १० नम्बर सम्मको विवरण भर्ने क्रममा प्रस्तावमा उल्लेख गरिएका कुराहरुलाई पुष्टि गर्ने दस्तावेजहरुका भए स्वयं प्रमाणित प्रतिलपीहरु समावेश गर्न सकिनेछ । झुटा दस्तावेशहरु पेश गरेमा छनौट प्रक्रियामा समावेश गरिने छैन ।

सचिव

प्रमुख सचिव

अनुसुची ९

## नमूना कृषि फार्म स्थापनाको लागि सम्झौता पत्रको नमूना

### सम्झौता पत्र

श्री ......................... (यस पछि पहिलो पक्ष भनिने) र ....................जिल्ला ................पालिका वडा नं. .......... मा स्थापना भएको श्री ...........................का प्रोपाइटर वा अध्यक्ष (यस पछि दोश्रो पक्ष भनिने) वीच साझेदारी/सहकार्यमा आ.व. .................... को स्वीकृत नमूना कृषि फार्म स्थापना सहयोग कार्यक्रम ....................पालिका वडा नं. ... मा संचालन गर्न तपसिल बमोजिमका शर्तका अधिनमा रही यो सझौता– पत्रमा हस्ताक्षर गरी लियौं/दियौं ।

तपसिल :

१. यो सम्झौता सम्झौता भएको मितिबाट प्रारम्भ हुनेछ ।
   दोस्रो पक्षले कार्यालयको लागत इष्टिमेट अनुसार .................व्यवसाय ...............(व्यवसायको आकार उल्लेख गर्नुपर्ने) मा सञ्चालन गरेको हुनु पर्ने छ । यसरी स्थापना गरिने नमूना कृषि फार्मको कुल लागतको बढिमा ....... प्रतिशतले हुन आउने रु. ................. अक्षरेपी ...................... ...................रकम अनुदान स्वरुप पहिलो पक्षले दोस्रो पक्षलाई उपलब्ध गराउने छ ।

२. कार्यक्रम शुरु गर्नको लागि पेश्की रकम आवश्यक भएमा निर्देशनालय वा ज्ञान केन्द्रले कुल लागत रकमको बढिमा २० प्रतिशत रकम पेश्की स्वरुप उपलब्ध गराउन सक्नेछ । कार्य सम्पन्नताको आधारमा उक्त अनुदान रकम बढिमा ३ किस्तामा उपलब्ध गराईनेछ ।

३. यसै साथ संलग्न स्वीकृत लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु दोस्रो पक्षले पहिलो पक्षको सहयोग लिई आफै सञ्चालन गर्नुपर्नेछ ।

४. सम्झौता भएको मितिले १५ दिन भित्र नमूना कृषि फार्म स्थापनाको लागत ईष्टिमेट अनुसार कार्य शुरु गरि सक्नु पर्नेछ । यदि कार्य शुरु नभएमा सम्झौता स्वत रद्द हुनेछ ।

५. दोस्रो पक्षले लागत ईष्टिमेट अनुसारका क्रियाकलापहरु आफैंले नगरी कुनै अर्को पक्षलाई ठेक्का पट्टामा कार्यक्रम दिन पाईने छैन ।

६. यस सम्झौतामा उल्लेख भएका नियमहरु यसै बमोजिम र यसमा उल्लेख नभएका नियमहरु प्रचलित नियम कानुन बमोजिम लागू हुनेछ ।

| प्रथम पक्षको तर्फबाट | दोस्रो पक्षको तर्फबाट |
|---|---|
| नाम,थर : | नाम,थर : |
| पद : | पद : |
| संस्थाको नाम र छाप : | संस्थाको नाम र छाप : |
| मिति : | मिति : |



प्रमुख सचिव सचिव

अनुसुची १०

कार्यक्रम संचालन तालिका

| क.स. | क्रियाकलाप | जिम्मेवार निकाय | समय |
|---|---|---|---|
| १ | नमूना कृषि फार्म स्थापना सम्बन्धी प्रस्ताव माग | कृषि विकास निर्देशनालय | ३५ दिन |
| २ | “क" वर्गको ज्ञान केन्द्रमा राख्ने “ख" “ग" “घ" प्रस्ताव जम्मा गरी निर्देशनालयमा पठाउने | कृषि ज्ञान केन्द्र तथा सम्पर्क केन्द्र | १० दिन |
| ४ | प्रस्तावकहरुको पुर्व छनौट | मूल्यांकन समिति | १५ दिन |
| ५ | सिफारिश भएका प्रस्तावहरुसँग स्थलगत प्रमाणिकरण तथा स्टमेट तयारी | कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय | ३० दिन |
| ६ | स्टमेट स्वीकृती तथा सम्झौता | कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय | १० दिन |
| ७ | प्रथम किस्ता निकासा | कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय | आवश्यकता अनुसार |
| ८ | अनुगमन तथा थप रकम निकाशा सिफारिश | कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय | आवश्यकता अनुसार |
| ९ | अनुगमन तथा कार्य सम्पन्न प्रतिवेदन तयार गरी अन्तिम किस्ता भुक्तानी | कृषि ज्ञान केन्द्र, कृषि विकास निर्देशनालय | आवश्यकता अनुसार |

सचिव

प्रमुख सचिव